# स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रियस्तरको संस्था)

केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी

सजिलो लघु बैंकिङ्ग

च.नं. : ३१/०७७/७८(कम्पनी सचिव)

मितिः- २०७७/११/२५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : एकिकृत कारोवार शुभारम्भ हुने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा प्रचलित कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम विगत ७ वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको यस स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड र विगत ३ वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्नका लागि मिति २०७७/०४/३२ मा समझदारी भई मिति २०७७/०७/१९ मा नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्रदान भएको व्यहोरा अनुरोध छ ।

तत्पश्चात, मिति २०७७/०९/१० मा दुबै संस्थाहरु बिच गाभ्ने/गाभिने (मर्जर) गर्नका लागि अन्तिम सम्झौता भई गाभ्ने/गाभिने (मर्जर) गर्ने कार्यलाई मिति २०७७/१०/०४ मा छुट्टाछुट्टै सम्पन्न दुबै संस्थाहरुको वार्षिक साधारण सभाबाट स्वीकृत गरी नेपाल राष्ट्र बैंकबाट गाभ्ने/गाभिने (मर्जर) गर्नका लागि मिति २०७७/११/२० गते अन्तिम स्वीकृति प्राप्त भएको र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७७/११/२५ गते प्राप्त पत्रानुसार गाभ्ने/गाभिने (मर्जर) कार्य स्वीकृत भएकोले संयुक्त मर्जर समितिको मिति २०७७/११/२५ गते बसेको १० औं वैठकको निर्णयानुसार गाभ्ने/गाभिने (मर्जर) पश्चात् मिति २०७७/१२/०८ गतेबाट दुबै संस्थाको एकीकृत कारोबार शुभारम्भ हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

भवदीय,

........................
**राजन मगर**
का.मु. प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

फोन : ०२५-५८७६२०/६२१ , इमेल : info@swadeshibank.com वेवः www.swadeshibank.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ................................ शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल।

पत्र संख्या :- ७७/७८
चलानी नम्बर :- ४५३६९

मिति : २०७७-११-२५

विषय :- कम्पनी गाभ्न/गाभिन स्वीकृति बारे।

**एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड (लि. नं. १७१६२१)**
भेरी नगरपालिका-४,जाजरकोट,६

उपरोक्त विषयमा त्यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. (प.लि.नं.१७१६२१) को मिति २०७७।१०।०४ को वार्षिक/विशेष साधारण सभाको कम्पनी गाभ्ने निर्णय र स्वदेशी लघुवित्त वित्तीय संस्था लि.(प.लि.नं.१२७४०३) को मिति २०७७।१०।०४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको कम्पनी गाभिने निर्णय र मिति २०७७/०९/१० को अन्तिम सम्झौता बमोजिम स्वदेशी लघुवित्त वित्तीय संस्था लि.(प.लि.नं. १२७४०३) लाई त्यस कम्पनीमा गाभ्ने र कम्पनीको नाम र प.लि.नं. एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. (प.लि.नं. १७१६२१) रहने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति ऋण, धन दायित्व गाभ्ने कम्पनीले व्यहोर्ने सकार्ने गरी त्यस कम्पनीमा गाभ्न र गाभिए पछि एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. (प.लि.नं. १७१६२१) बाट कारोवार गर्न कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिम मिति २०७७।११।२३ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ।

**कम्पनीले देहाय बमोजिम शर्तहरू पालना गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ।**

१. गाभिएपछि गाभिने र गाभ्ने दुवै कम्पनीको संस्थापक र साधारण शेयर स्वामित्व कायम रहने गरी पूँजी संरचना मिलाई पेश गर्ने।
२. गाभिने कम्पनीको जारी शेयर प्रमाणपत्र गाभ्ने कम्पनीमा रुपान्तरण गर्ने र सोको जानकारी दिने।
३. कम्पनी गाभिए पछि कम्पनीको नियमावली बमोजिम कायम हुने संचालक लगत पेश गर्ने साथै शेयर लगतको जानकारी दिने।
४. कम्पनी गाभिएको सार्वजनिक सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी सो को जानकारी ३० दिनभित्र यस कार्यालयलाई दिने।
५. गाभिएको कम्पनीको रजिष्टर्ड ठेगाना सुनसरी जिल्ला इटहरी उप-महानगरपालिका-०९ मा रहने छ।
६. गाभिए पछिको कम्पनीको नाम र प.लि.नं. एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. (प.लि.नं. १७१६२१) रहने छ।

(दीवाकर शर्मा)
सहायक रजिष्ट्रार

<u>बोधार्थ</u>
श्री नेपाल राष्ट्र बैंक, काठमाडौं।
श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर।
श्री नेपाल स्टक एक्सचेन्ज लि., काठमाडौं।
श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि., काठमाडौं।
श्री आन्तरीक राजश्व कार्यालय, काठमाडौं।
श्री स्वदेशी लघुवित्त वित्तीय संस्था लि.(प.लि.नं.१२७४०३), सुनसरी।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np